# नेपाल सरकार, मन्त्रिपरिषद्का २०८२ माघ २ गतेका निर्णयहरू

| क्र.सं | मन्त्रालय | निर्णयको सङ्क्षिप्त व्यहोरा |
|---|---|---|
| १ | अर्थ मन्त्रालय | नेपालमा मानव बाघ अन्तरसम्बन्ध व्यवस्थापन परियोजनाको लागि विश्व वातावरण सुविधाबाट विश्व वन्यजन्तु कोषमार्फत प्राप्त हुने अमेरिकी डलर ३६,२१,९८३ बराबरको अनुदान सहायता स्वीकार गर्ने। |
| २ | अर्थ मन्त्रालय | स्वच्छ वायु तथा समृद्धि परियोजनाको लागि सहुलियतपूर्ण ऋण तथा अनुदान सहायता प्राप्त गर्ने सम्बन्धमा विश्व बैंकसँग वार्ता गर्न अर्थ मन्त्रालयका सहसचिवको नेतृत्वमा वार्ता टोली गठन गर्ने। |
| ३ | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | नेपाल इन्जिनियरिङ सेवा, जियोलोजी समूह, हाइड्रो जियोलोजी उपसमूह, रा.प.प्रथम श्रेणीका अधिकृत श्री देवकुमार स्याङ्बोलाई ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय वा अन्तर्गत पदस्थापना गर्ने। |
| ४ | ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय | ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयअन्तर्गत जलस्रोत तथा सिँचाइ विभागमा कार्यरत सुपरिन्टेण्डिङ इन्जिनियर श्री सुशील चन्द्र देवकोटाले पेश गर्नुभएको राजीनामा स्वीकृत गर्ने। |
| ५ | ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय | बुढीगण्डकी जलाशययुक्त जलविद्युत आयोजनाको वित्तीय लगानी ढाँचा स्वीकृत गर्ने। |
| ६ | भूमि व्यवस्था, सहकारी एवं गरिबी निवारण मन्त्रालय | उच्च अदालतका पूर्वन्यायाधीश श्री विनोदप्रसाद शर्माको संयोजकत्वमा सहकारीमा भएको बेथितिसम्बन्धी जाँचबुझ आयोग, २०८२ गठन गर्ने। |
| ७ | रक्षा मन्त्रालय | नेपाली सेनाका एक जना सहायक रथीको सरुवा गर्ने र एक जना महासेनानीको सहायक रथीमा बढुवा गर्ने। |
| ८ | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्को उपाध्यक्ष पदमा श्री मोहम्मद सफिउल्लाह, रौतहटलाई मनोनयन गर्ने। |
| ९ | श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय | २०८२ फागुन १२ मा जापानको टोकियोमा आयोजना हुने Japan-Nepal Employment Conference को दोश्रो संस्करणमा सहभागी हुन श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयका सचिव डा. दिपक काफ्लेलाई स्वीकृति प्रदान गर्ने। |
| १० | २०८२ फागुन ४ देखि ७ गतेसम्म भुटानको थिम्पुमा सञ्चालन हुने Second Mountains Connect Interregional Workshop कार्यक्रममा राष्ट्रिय योजना आयोगका माननीय उपाध्यक्ष डा. प्रकाश कुमार श्रेष्ठलाई सहभागी हुन स्वीकृति प्रदान गर्ने। | |
| ११ | २०८२ फागुन १२ देखि १५ गतेसम्म थाइल्याण्डमा आयोजना हुने १३ औं Asia Pacific Forum on Sustainable Development (APFSD) मा राष्ट्रिय योजना आयोगका माननीय उपाध्यक्ष डा. प्रकाश कुमार श्रेष्ठको नेतृत्वको प्रतिनिधिमण्डललाई सहभागी हुन स्वीकृति प्रदान गर्ने। | |